# कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बयरवन, मोरङ**

१ नं. प्रदेश, नेपाल

प.सः२०७५/७६

चलानी नं.

मितिः२०७५/४/११

## "विज्ञप्ती"

कानेपोखरी गाँउपालिकाको २०७५ असार ३० गते सम्पन्न दोस्रो गाँउसभा द्वारा पारित सम्पत्तिकर, भूमीकर तथा शुल्क र दस्तुरहरुको विषयमा मिति २०७५ असार ४ गते कानेपोखरी गाँउपालिकाका आठ राजनीतिक दलहरुले कर र शुल्कका दररेट सम्बन्धमा असहमति राखि दिएको ज्ञापन पत्रमा यस गाँउपालिकाको ध्यानाकर्षण भएको छ ।

गाँउपालिकाले लगाउने कर दस्तुरहरुको परिमार्जन समायोजन गर्न छलफलको क्रम रहेकोले सर्वसाधारणमा जानकारीका लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ ।

समृद्ध कानेपोखरीको चाहना कानेपोखरीका सबै गाँउवासी जनता,स्थानीय सरकार र राजनीतिक दलहरु समेत रहेकोमा निश्चय पनि सबैको सहमति छ भन्ने विश्वास सहित आपसी छलफल, सहमति र सम्वादबाट कुनैपनि विवादित विषय समाधान गर्न गाँउपालिकाद्वारा यस गाँउपालिका क्षेत्रमा कार्यरत सबै राजनीतिक दल सहित सर्वपक्षबाट आएको सुझावलाई संवोधन गर्न आवस्यक पहल गरिने व्यहोरा पनि यसै विज्ञप्ती मार्फत जानकारीका लागि अनुरोध गर्दछौ ।

मितिः२०७५/४/११

...........................................

सुशील बुढाथोकी

प्रवक्ता

कानेपोखरी गाँउपालिका